# स्थानीय राजपत्र

सूर्यविनायक नगरपालिकाद्वारा प्रकाशित

खण्ड ३) कटुञ्जे, भक्तपुर माघ ०५ गते, २०७६ साल (संख्याः ०३


## भाग १

## स्थानीय सरकार

# सूर्यविनायक नगरपालिका

**कटुञ्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल**

## सूर्यविनायक नगरपालिका नगरकार्यपालिकाको कार्यालयको सूचना

सूर्यविनायक नगरपालिका नगरसभाले बनाएको तल लेखिए बमोजिमको सूर्यविनायक नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको ऐन नं. ०३**

## सूर्यविनायक नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६

# सूर्यविनायक नगरपालिकाको स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६

**प्रस्तवानाः**

सूर्यविनायक नगरपालिकाको स्थानीय तहको सेवा व्यवस्थापनलाई सक्षम, सुदृढ, प्रभावकरारी, सेवामूलक र उत्तरदायी बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको अनुसूची (८) को बुदा नं. (५) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा (११) (ङ) मा उल्लेखित कार्यसम्पादनको लागि जनशक्तिको प्रभावकारी व्यवस्थापन र सञ्चालन गर्न संविधानको धारा (२२६) को उपधारा (१) को अधिकार प्रयोग गरी सूर्यविनायक नगरपालिकाको पाँचौं नगरसभाले यो ऐन स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

१) **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन सूर्यविनायक नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगरसभावाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२) **परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :**

(क) “ऐन” भन्नाले स्थानीय सेवा व्यवस्थापन ऐनलाई सम्झनु पर्दछ ।

(ख) “कार्यपालिका” भन्नाले सूर्यविनायक नगरपालिकाको कार्यपालिका वैठकलाई सम्झनु पर्दछ ।

(घ) “नगरपालिका” भन्नाले सूर्यविनायक नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) “नगर सभा” भन्नाले सूर्यविनायक नगरपालिकाको नगर सभालाई सम्झनु पर्दछ ।

(च) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ को उपदफा (३) वमोजिम प्रमुखको रुपमा कार्य गर्ने अधिकृत कर्मचारी सम्झनु पर्दछ ।

(छ) “प्रमुख“ भन्नाले नगरको प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिमको नियमावलीमा तोकए बमोजिम सम्झनु पर्दछ ।

(झ) "साविक स्थानीय निकायका कर्मचारी" भन्नाले साविक स्थानीय स्वायत्त शासन ऐन, २०५५ र तत सम्बन्धी स्थानीय स्वायत्त शासन नियमावली, २०५६ वमोजिम नियुक्ती भएका स्थायी कर्मचारीहरूलाई सम्झनु पर्दछ ।

[१](झ १) "अधिकृत कर्मचारी" भन्नाले निजामती सेवा, स्वास्थ्य सेवा र साविक स्थानीय निकायका छैटौं तहदेखि नवौं तहसम्मको कर्मचारी र "सहायस्तर कर्मचारी" भन्नाले निजामती सेवा, स्वास्थ्य सेवा र साविक स्थानीय निकायका श्रेणीविहीनदेखि पाचौं तहसम्मको कर्मचारी सम्झनु पर्दछ ।

## परिच्छेद- २
## स्थानीय सेवा सम्बन्धी व्यवस्था

३) **स्थानीय सेवाको गठनः** नगरपालिकामा देहाय अनुसारको स्थानीय सेवाहरूको गठन गरिनेछ ।

(१) प्रमुख प्रशासकीय अधिकृत

(२) प्रशासन सेवाः प्रशासन, लेखा, राजस्व, लेखा परीक्षण समूह

(३) प्राविधिक सेवाः इन्जिनियरीङ, कृषि, र पशु सेवा, सूचना प्रविधि समूह

(४) स्वास्थ्य सेवाः डाक्टर, नर्स, हे.अ., अ.न.मी., फार्मेसी, ल्याव टेक्निसियन समूह

(५) विविध सेवा - माथि नपरेका अन्य समूहहरू

४) **नगरपालिकामा दरबन्दी र पदपूर्ति :**

(१) नगरपालिकालाई आवश्यक पर्ने संगठन संरचनामा कर्मचारीहरूको दरबन्दी नगरकार्यपालिकाको वैठकबाट स्वीकृत गरिने छ ।

(२) दरवन्दी निर्धारण गर्दा संगठन तथा ब्यवस्थापन सर्वेक्षण, स्रोतको सम्भाब्यता र आधारलाई लेखाजोखा गरेर गरिनेछ ।

[२](२क) नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत, संघीय निजामती सेवाको नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह रा.प.द्वि. श्रेणी, उपसचिव हुनेछ । निजको तलब, भत्ता तथा अन्य सेवा सुविधा अधिकृतस्तर दशौं तहको भन्दा कम हुने छैन । निजको

[१] पहिलो संशोधनद्वारा थप ।
[२] पहिलो संशोधनद्वारा थप ।

मातहतमा अन्य सबै सेवा समूह र श्रेणीका कर्मचारीहरू रहने छन् ।

[३](२ख) संघीय निजामती सेवा ऐन र प्रदेश निजामती सेवा ऐन जारी भएपछि ति ऐनले लिने सिद्धान्तको आधारमा खुल्ला र अन्य प्रतिस्पर्धाबाट पदपूर्ति हुने पदको पदपूर्ति प्रतिशत निर्धारण सोही आधारमा हुनेछ ।

[४](२ग) देहाय बमोजिम आधारमा अधिकृत तथा अन्य कर्मचारीहरूको स्तरबृद्धिका लागि योग्यता पुगेको मानिनेछ ।

(१) अधिकृतस्तर आठौंबाट नवौं तहमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि ५ वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह

(२) अधिकृतस्तर सातौंबाट आठौं तहमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि ५ वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह

(३) अधिकृतस्तर छैटौबाट सातौं तहमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि ५ वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह

(४)सहायकस्तर पाँचौबाट अधिकृतस्तर छैटौमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि ७ वर्ष र शैक्षिक योग्यता स्नातक वा सो सरह

(५)सहायकस्तर चौथोबाट पाँचौमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि ७ वर्ष र शैक्षिक योग्यता प्रविणता प्रमाण पत्र वा सो सरह

६) सहायकस्तर चौथोबाट पाँचौमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि १० वर्ष र शैक्षिक योग्यता एस.एल.सी. वा सो सरह

७) सहायकस्तर तेश्रोबाट चौथोमा स्तरबृद्धिका लागि न्यूनतम् सेवा अवधि १० वर्ष र शैक्षिक योग्यता टेष्टपास वा सो सरह

८) कार्यालय सहयोगी श्रेणी विहिन स्तर बृद्धिका लागि न्यूनतम् सेवा अवधि ५ वर्ष

९) स्तरबृद्धि हुने कर्मचारीले म्याद नाघेको पेश्की र असुल उपर गर्नुपर्ने वेरुजु फरफारक भएको हुनु पर्नेछ ।

[५]२(घ) स्तरबृद्धि गर्दा पदावधि गणना देहायको आधारमा गरिनेछ ।

---

[३] पहिलो संशोधनद्वारा थप ।

[४] पहिलो संशोधनद्वारा थप ।

(१) संघबाट समायोजन भएका अधिकृत तथा अन्य कर्मचारीको सेवा अवधि सूर्यविनायक नगरपालिकामा हाजिर भएको मिति देखि अवधि गणना हुनेछ ।

(२)साविक स्थानीय तहका स्थायी कर्मचारीको हकमा हालको पदमा स्थायी नियुक्ति वा बढुवा नियुक्ती पाएको मिति देखि अवधि गणना हुनेछ ।

(३) गयल कट्टी वा असाधरण विदा लिएको अवधि सेवा अवधिमा गणना हुने छैन ।

[६]२(ङ) स्तरबृद्धिका सम्वन्धमा देहायको मापदण्ड र प्रक्रिया अवलम्वन गरिनेछ ।

(१)एक पटक स्तरबृद्धि गरिएको कर्मचारीलाई सेवा अवधिभर पुनःस्तर बृद्धिका लागि योग्य मानिने छैन । माथि जुनसुकै कुरा लेखिएको भएतापनि आन्तरिक प्रतियोगिता वा खुल्ला प्रतियोगिता वा अन्य प्रतियोगितात्मक परीक्षाबाट स्तरबृद्धि हुन यस ऐन बमोजिम वाधा पुग्ने छैन ।

(२)संघबाट समायोजन भएको अधिकृत तथा कर्मचारीले यस ऐन बमोजिम योग्यता पुरा भएपछि स्तरबृद्धिका लागि निवेदन पेश गर्न सक्नेछन । मापदण्ड पुरा भएको अवस्थामा कार्यपालिको निर्णय बमोजिम स्तरबृद्धि गर्न सकिनेछ । स्तरबृद्धि सम्वन्धी प्रस्ताव कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिले ३५ दिन पछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसूची १ को ढाँचामा स्तरबृद्धिको पत्र दिन सक्नेछ ।

३) साविक स्थानीय निकायको अधिकृत तथा कर्मचारीहरूको हकमा यस ऐन बमोजिम योग्यता पुगेको कर्मचारीको स्तरबृद्धिको विवरण तयार गरी २०७६ साल माघ २५ गते भित्र सार्वजनिक सेवा तथा क्षमता विकास समितिका संयोजक समक्ष पेश गर्नुपर्नेछ । समितिको संयोजकले पेश हुन आएको विवरण परीक्षण गरी शर्त पुरा भएको देखिएमा समितिको निर्णय सिफारिशसाथ २०७६ साल फाल्गुन महिनमा वस्ने नियमित कार्यपालिका वैठक समक्ष पेश गर्नुपर्नेछ । पेश हुन

[५] पहिलो संशोधनद्वारा थप ।

[६] पहिलो संशोधनद्वारा थप ।

आएको स्तरबृद्धि सम्वन्धी प्रस्ताव कार्यपालिकाको वैठकबाट स्वीकृत भएको मितिले ३५ दिन पछि प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले अनुसूची १ बमोजिमको ढाँचामा स्तरबृद्धिको पत्र दिनुपर्नेछ।

४) स्तरबृद्धि भएको अधिकृत तथा कर्मचारीको थप आर्थिक दायित्व नगरपालिकाको आन्तरिक श्रोतबाट व्यहोरिनेछ। सोको लागि छुट्टै कोषको ब्यवस्था समेत गरिनेछ।

५) श्रेणी विहिनस्तरको कर्मचारीको स्तरबृद्धिको निर्णय प्रमुख प्रशासकीय अधिकृतस्तरको निर्णयबाट हुनेछ र सोको जानकारी कार्यपालिकाको वैठक समक्ष गराउनु पर्नेछ।

[7]२(च) यस ऐन बमोजिम नियुक्त वा स्तरबृद्धि हुने सबैभन्दा माथिल्लो तह अधिकृतस्तर नवौं तहसम्म मात्र हुनेछ।

[८](३) ................................................................ ।

[९](४) ................................................................ ।

[१०](५) ................................................................ ।

[११](६) ................................................................ ।

## परिच्छेदः ३
## स्थानीय सेवाको पदपूर्ति सम्बन्धी व्यवस्था

**५. पदपूर्ति सम्बन्धी व्यवस्थाः**

(१) स्थायी कर्मचारीको लागि स्वीकृत दरवन्दीका रिक्त पदहरूमा स्थायी पदपूर्ती गरी पठाइदिन स्थानीय तहले प्रदेश लोकसेवा आयोगलाई माग गर्नेछ। प्रदेश लोकसेवा आयोग गठन नभएसम्म नगरपालिकाको स्वीकृत दरबन्दीमा स्तरबृद्धि सम्बन्धि व्यवस्था कार्यपालिकाको निर्णय अनुसार

[७] पहिलो संशोधनद्वारा थप।

[८] पहिलो संशोधनद्वारा हटाइएको।

[९] पहिलो संशोधनद्वारा हटाइएको।

[१०] पहिलो संशोधनद्वारा हटाइएको।

[११] पहिलो संशोधनद्वारा हटाइएको।

गठन भएको स्तरबृद्धि समितिको सिफारिसको आधारमा प्रमुख प्रशासकीय अधिकृतले स्तर वृद्धिको निर्णय गर्नुपर्नेछ ।

(२) करार सेवामा कार्यरत कर्मचारीहरूको स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८७ बमोजिम हुनेछ ।

(३) समावेशीकरणको हकमा खुल्ला प्रतिस्पर्धाबाट नियुक्त हुने पदमा प्रदेश निजामती सेवा ऐनमा भएको ब्यवस्था बमोजिम प्रतिशत निर्धारण गरी गरिनेछ ।

६. **कर्मचारी आचरण र दण्ड सजायः**

(१) कर्मचारीले आचरण र अनुशासनको पालना गर्नुपर्नेछ । कर्मचारी आचरण सम्बन्धमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद : ४
## सेवा प्रवेशको तह र योग्यता

७. **स्थानीय सेवामा प्रवेशको तह र न्यूनतम योग्यताः** स्थानीय सेवामा प्रवेशको तह र न्यूनतम शैक्षिक तथा अनुभव सम्बन्धी योग्यता प्रदेश निजामती सेवा ऐन सरह हुनेछ ।

८. **कर्मचारी कल्याण कोषको व्यवस्था** :

१) संघबाट समायोजन भई आएका स्थायी कर्मचारीहरू वाहेक नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरूको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९१ बमोजिम नगरपालिकामा एक कर्मचारी कल्याण कोष रहने छ ।

२) कर्मचारी कल्याण कोषबाट साविक स्थानीय निकायका स्थायी कर्मचारीहरूलाई घर विदा, बिरामी विदा वापत पाउने रकम र उपदानको रकम प्रति सेवा वर्षः १० वर्षसम्मको लागि १ महिनाको तलव वरावरको रकम, ११ देखि १५ सेवा वर्षको लागि डेढ महिनाको तलब बराबरको रकम, १५ देखि २० सेवा वर्षको लागि २ महिनाको तलब बराबरको रकम र सो भन्दा माथी सेवा वर्षको लागि साढे २ महिनाको तलब बराबरको रकम उपदान स्वरुप उपलब्ध गराईने छ ।

३) यस कोषमा पर्याप्त रकम जम्मा भएको खण्डमा करारका कर्मचारीहरूलाई समेत नगर कार्यपालिकाबाट करार कर्मचारी सम्बन्धी कार्यविधि बनाई प्रति सेवा वर्ष १ महिना बरावरको रकम उपदान प्रदान गर्ने गरी कार्यान्वयन गर्न सकिने छ ।

९. **कर्मचारी कल्याण कोषमा जम्मा हुने रकम :**
यस नगरपालिकामा कार्यरत साविक स्थानीय तहका कर्मचारीहरूलाई सेवा निवृत्त भए पश्चात उपदान लगायतका सेवा सुविधा प्रदान गर्नका लागि नगरपालिकास्तरीय कर्मचारी कल्याण कोष रहनेछ। यस कोषमाा देहाय बमोजिमको श्रोतबाट रकम जम्मा गरिनेछ।

(क) साविक स्थानीय निकाय (नगरपालिका तथा गाउँ विकास समिति) भएको वेला स्थापना भएको कर्मचारी कल्याण कोषमा रहेको रकम

(ख) अन्य स्थानीय तहहरूबाट समायोजना भई आएका साविक स्थानीय निकायका कर्मचारीहरूको उनीहरू कार्यरत निकायमा जम्मा भएको निजहरूले पाउने रकम

(ग) स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९१ (२) बमोजिमको रकम

(घ) कोषको रकमलाई कुनै पनि वाणिज्य बैंकमा छुट्टै बचत खाता खोली व्याज प्राप्त हुने गरी खातामा राखिनेछ र उक्त रकम अन्य प्रयोजनमा खर्च गर्न पाईने छैन।

(ङ) कोषको खाता नगरपालिकाका प्रमुख प्रशासकिय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त हस्ताक्षरबाट संचालन हुनेछ।

१०. **विदाः** संघीय निजामती सेवा ऐनमा भएका सम्पूर्ण विदाहरू नगरपालिकाका कर्मचारीहरूलाई उपलब्ध हुनेछ।

११. **अध्ययन, तालिम वा अवलोकन भ्रमणः**

(क) कर्मचारीहरूको वृत्ति विकास, अध्ययन, तालिम र वाह्य अवलोकन भ्रमणमा छनोट प्रक्रिया न्यायोचित र पारदर्शी हुनुपर्ने छ।

(ख) विदेश र स्वदेशका तालिम अध्ययनहरूमा सवै स्तरका कर्मचारीहरूलाई समान अवसर प्रदान गरिने छ।

## परिच्छेद : ५

## कार्यसम्पदान मूल्याङ्कन र सरुवा सम्बन्धी व्यवस्था

१२. **कार्यसम्पादन मूल्याङ्कन :** स्थानीय सेवामा कार्यरत कर्मचारीहरूको ताकिए बमोजिम अर्ध वार्षिक/वार्षिक कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेछ।

१३. **सरुवाः** नगरपालिकामा रहेको स्वीकृत दरवन्दीका कर्मचारीहरूलाई दरवन्दी अनुसार आफ्नो क्षेत्रभित्र निश्चित मापदण्डको आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट सरुवा गरिनेछ।

## परिच्छेद : ६
## विविध

१४. **सम्पति विवरण बुझाउनु पर्ने** : आफ्नो र एकाघरका परिवारका सदस्यहरूको नाममा रहेको सम्पत्ति विवरण नगरपालिका समक्ष पेश गर्नुपर्ने र वार्षिक रुपमा अद्यावधिक गर्नुपर्ने ।

१५. **राजनीतिमा भाग लिन नहुने** : नगरपालिकामा  कार्यरत कर्मचारी कुनैपनि राजनैतिक दल वा भातृ संगठनको सदस्य हुन पाउने छैन। यस प्रावधान विपरित सदस्यता लिएको पाईएमा कार्यसम्पादन मूल्यांकन रोक्का गर्न सकिनेछ ।

१६. **स्थानीय सेवाका कर्मचारी ब्यवस्थापन सम्वन्धी अन्य ब्यवस्था** : यस ऐनमा उल्लेख भए देखि वाहेकका अन्य विषयका सम्वन्धमा प्रदेश निजामती सेवा ऐन वा संघीय निजामती सेवा ऐनमा उल्लेख बमोजिम प्रावधानहरू मध्ये जुन सशक्त छ सोहीलाई मार्गदर्शन मानी कार्यान्वयन गरिनेछ ।

१७. **नियमावली तर्जुमा गर्ने** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्नका लागि आवश्यक पर्ने नियमावली नगर कार्यपालिकाबाट स्वीकृत गरी लागु गरिनेछ ।

**अनुसूची १**

मितिः...............................

महाशय,

तपाईंलाई छैटौं नगरसभाको निर्णय बमोजिम नगर कार्यपालिकाको मिति .................... को .......... औं नगर कार्यपालिकाको वैठकको निर्णय तथा स्थानीय सेवा व्यवस्थापन ऐन, २०७६को (प्रथम संशोधन सहित) अनुसार देहाय बमोजिम स्तर बृद्धि गरिएको छ। स्तरबृद्धि हुनु भएकोमा हार्दिक वधाई छ।

| **साविकको सेवा, समूह, पद र तह** | **स्तरबृद्धि भएको सेवा, समूह, पद र तह** |
|---|---|
| | |

**श्री** ......................... (**कर्मचारीको नाम र थर**)
सूर्यविनायक नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटुन्जे, भक्तपुर
बागमती प्रदेश, नेपाल

प्रमाणीकरण मितिः २०७६।१०।०३

आज्ञाले,
(कमल ज्ञवाली)
प्रमुख प्रशासकीय अधिकृत